FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली
Non-Resident Nepali Association
National Coordination Council - USA
EIN# 62-1850599

मिती अप्रिल १७, २०२२ मा अध्यक्ष बुद्दि सागर सुबेदीको अध्यक्षतामा तपसिलमा उपस्थित सदस्यहरुको उपस्थितिमा बैठक बसी तल उल्लेख गरिएका प्रस्तावहरु उपर छलफल गर्दै निर्णय गरेर सम्पन्न भयो।

| उपस्थिति | | | |
|---|---|---|---|
| क्र.सं. | नाम,थर | पद | उपस्थिति |
| १ | बुद्दि सागर सुबेदी | अध्यक्ष | उपस्थित |
| २ | कृष्ण जीवि पन्त | बरिष्ठ उपाध्यक्ष | उपस्थित |
| ३ | सुमन थापा | उपाध्यक्ष | उपस्थित |
| ४ | गोपेन्द्र राज भट्टराई | उपाध्यक्ष | उपस्थित |
| ५ | डिलुराज पराजुली | उपाध्यक्ष | उपस्थित |
| ६ | बिकाश उप्रेती | उपाध्यक्ष | उपस्थित |
| ७ | दिक्षा बस्नेत | महिला उपाध्यक्ष | उपस्थित |
| ८ | अन्जन कुमार चौलागाईं | महासचिव | उपस्थित |
| ९ | अनुप खनाल | सचिव | उपस्थित |
| १० | सुनिता कंडेल | महिला सचिव | उपस्थित |
| ११ | तोया दाहाल | प्रबक्ता | उपस्थित |
| १२ | राजीव श्रेष्ठ | कोषाध्यक्ष | उपस्थित |
| १३ | अग्नि ढकाल | सह-कोषाध्यक्ष | अनुपस्थित |
| १४ | सुन्दरी गुरुङ | महिला संयोजक | अनुपस्थित |
| १५ | त्रिभुवन पाण्डे | युवा संयोजक | उपस्थित |
| १६ | बिशाल राना | बोर्ड सदस्य | उपस्थित |
| १७ | बाला घिमिरे | बोर्ड सदस्य | अनुपस्थित |
| १८ | प्रकाश श्रेष्ठ | बोर्ड सदस्य | अनुपस्थित |
| १९ | डोलनाथ घिमिरे | बोर्ड सदस्य | अनुपस्थित |

| | | | |
|---|---|---|---|
| २० | प्रभात राज सापकोटा | बोर्ड सदस्य | उपस्थित |
| २१ | ज्ञानेन्द्र गुरुङ | बोर्ड सदस्य | उपस्थित |
| २२ | सन्तोष पहारी | बोर्ड सदस्य | उपस्थित |
| २३ | आशिष संग्रौला | बोर्ड सदस्य | उपस्थित |
| २४ | शान्ती वाग्ले पौड्याल | बोर्ड सदस्य | उपस्थित |
| २५ | बिश्वराज बास्तोला | बोर्ड सदस्य | उपस्थित |
| २६ | दुर्गेश जंग कार्की | बोर्ड सदस्य | उपस्थित |
| २७ | राज ढुंगाना | बोर्ड सदस्य | उपस्थित |
| २८ | किरण बस्नेत | क्षत्रीय संयोजक - मध्य पश्चिम | उपस्थित |
| २९ | सम्बर बहादुर बुढाथोकी | क्षत्रीय संयोजक -उत्तर | उपस्थित |
| ३० | श्रीराम थापा | क्षत्रीय संयोजक - पश्चिम | उपस्थित |
| ३१ | बादल भुजेल | क्षत्रीय संयोजक -दक्षिण | अनुपस्थित |
| | | | |

**प्रस्तावहरु :**

१) पञ्जीकृत सदस्यता शुल्क ५ डलर आइसीसीलाई पठाउन देखिएको समस्याको पहिचान र निकासका विषयमा गठित अध्ययन समितिले गरेका कामको सम्बन्धमा
२) सदस्यता सम्बन्धमा
३) आईटी टिमले गरिरहेका कामको सम्बन्धमा
४) विभिन्न विभाग, रिजन, टाक्सफोर्स र च्याप्टरहरूबाट भइरहेका काम र भावियोजनाका सम्बन्धमा
५) अमेरिकामा क्रियाशील पत्रकारहरूलाई प्रदान गर्ने दुई हजार डलरको लेखन वृत्ति नेपाल अमेरिका पत्रकार सङ्घसँग मिलेर प्रदान गर्न संस्थागत नीतिलाई अन्तिम रूप दिने सम्बन्धमा
६) च्याप्टरहरूको स्टेटमा दर्ता र आर्थिक गतिविधि सम्बन्धमा
७) च्याप्टरका सभापतिहरु केन्द्रिय सदस्य हुनु पर्ने मागका सम्बन्धमा
८) विविध

**निर्णयहरु**

प्रस्ताव नम्बर १ उपर छलफल गर्दा पञ्जीकृत सदस्यता शुल्क नेपाल पठाउने तथा सदस्यको व्यक्तिगत बिबरणको दुरुपयोग भएको सम्बन्धमा छानबिन गर्न बनेको समितिले प्रस्तुत गरेको प्रगति बिबरणको समीक्षा गर्दै प्रतिवेदनको कार्यलाई तीव्रता दिने र पञ्जीकृत सदस्यता बापतको रकम पठाउने सम्बन्धी कार्य अगाडी बढाउने निर्णय गरियो।

प्रस्ताव नम्बर २ उपर छलफल गर्दा आइटी टिमले भेण्डरसंग समन्वय गरी चाडो सदस्यता खुल्ला गर्ने निर्णय गरियो।

प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा आइटी टिमले भेण्डर परिवर्तन गर्ने वा बर्तमानमा रहेको भेण्डरलाई नै निरन्तरता दिने सम्बन्धमा गरिरहेको कार्यहरूको प्रगति विवरण बैठकमा सहसंयोजक अनुप खनालद्वारा प्रस्तुत गरियो। भेण्डर परिवर्तन गर्ने वा नगर्ने सम्बन्धमा विस्तृत विवरण बुझी फ्लोरिडा राज्यको ओर्लाण्डो बैठकले दिएको म्यान्डेट बमोजिम कार्य गरी आई टी टिमले विवरण पेस गर्ने निर्णय गरियो।

प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा अप्रिल ९ तारिक २०२२ मा  सानफ्रान्सिस्कोमा भएको नेपाल डे परेडको बारेमा क्षेत्रीय संयोजक श्रीराम थापाले प्रस्तुत गर्नु भएको कार्यक्रम सम्बन्धी प्रतिवेदन कार्यसमितिद्वारा स्वीकार गर्दै यसलाई दस्ताबेजको रूपमा राख्ने निर्णय गरियो । अन्य विभाग तथा टास्कफोर्शहरुलाई समेत समुदाय केन्द्रित कार्य गर्दै प्रतिवेदन पेस गर्नको लागि अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा एन आर एन ए  अमेरिकाले प्रदान गर्ने पुरस्कार तथा लेखन वृत्ति  प्रदान गर्ने सम्बन्धी नियमावलीलाई स्वीकृत गरिएको निर्णय गरियो। पास भएको विनियमावलीलाई संस्थाको दस्ताबेजको रूपमा राख्ने निर्णय समेत गरियो। पास भएको विनियमावली बमोजिम पत्रकार लेखन वृत्ति सम्बन्धी दुई हजार डलर सम्मको पुरस्कार वा लेखन वृत्ति प्रदान गर्ने कार्य सुरु गर्नको लागि मिडिया तथा पब्लिकेशन कमिटीलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा सम्पूर्ण स्टेट च्याप्टरहरूको सम्बन्धित स्टेटमा दर्ता गर्ने कार्य २६ वटा च्याप्टरमा सम्पन्न भइसकेको र बाकी तीन स्टेटमा पनि छिटै सम्पन्न गर्न पहल गर्ने र आवश्यक परे सहयोग उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा  च्याप्टरका सभापतिहरूलाई गैर आवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद् अमेरिकाको बैठकमा आमन्त्रित सदस्यको रूपमा बोलाउने निर्णय गरियो । च्याप्टर सभापतिहरूले आफ्ना एजेन्डा  रिजनल चेयरले मार्फत सचिवालयमा पठाउनु पर्ने छ । साथै एउटा बैठकमा कति जना च्याप्टर सभापतिलाई आफ्ना कुरा राख्न दिने भन्ने सम्बन्धमा मापदण्ड बनाएर रिजनल चेयरले सचिवालयलाई जानकारी गराउने र बाकी निर्णय सचिवालयले गर्ने छ ।

प्रस्ताव नम्बर ८ विविध उपर छलफल गर्दा संस्थाको वार्षिक साधारण सभाको सम्बन्धमा छलफल गर्दा निम्नानुसारको निर्णय गरियो।

क) संस्थाको साधारण सभा नर्थ क्यारोलिना राज्यमा जुलाई ३ र ४ तारिकमा गर्ने निर्णय गरियो।  सो साधारण सभाको संयोजक (कन्भेनर)मा   उपाध्यक्ष सुमन थापालाई जिम्मेवारी प्रदान गर्ने र अध्यक्ष र संयोजकले आवश्यकता अनुसार सदस्यहरू थप्ने निर्णय गरियो।

ख) साधारण सभामा गरिने बौद्धिक सम्मेलन (नलेज कन्भेन्सन)को सम्पूर्ण कार्य साइन्स, टेक्नोलोजी एण्ड इनोभेशन कमिटीका संयोजक माधव पाण्डेले गर्ने र सो समितिलाई आवश्यकता परेको अवस्थामा एन सी सी मा सचिवालयसँग समन्वय गर्दै सहयोग गर्नको लागि उपाध्यक्ष गोपेन्द्र भट्टराईलाई जिम्मेवारी दिने निर्णय गरियो।

ग) साधारण सभाको प्रचार प्रसार तथा समन्वय गर्ने कार्यको संयोजक प्रवक्ता तोया दाहाललाई बनाउने निर्णय गरियो। सो समितिमा सचिवालय सदस्य अग्नि चौलागाईं तथा मिडिया तथा पब्लिकेशन कमिटीका सदस्यहरू र आवश्यक भएमा अरू सदस्य पनि थप गर्न सक्ने समेत निर्णय गरियो।

विविध प्रस्ताव उपर अन्य कुनै विषय निर्णायर्थ सचिवालयबाट प्रस्तुत नभएको हुँदा आजको बैठक समापन भएको अध्यक्ष बुद्दि सागर सुबेदीले घोषणा गर्नुभयो।

अन्जन चौलागाईं
महासचिव
गैर आवासीय नेपाली संघ
राष्ट्रिय समन्वय समिती अमेरिका

NRNA NCC-USA Non-Resident Nepali Association
"Once a Nepali Always a Nepali"